रंगेली नगरपालिका
Rangeli Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
रंगेली, मोरङ
Rangeli, Morang
१ नं. प्रदेश नेपाल Province No. 1 Nepal

पत्र पंख्याः ०७८/७९
च. नं.
मिति २०७९/०३/०३

## आन्तरिक श्रोत असुल सम्बन्धी शिलवन्दी वोलपत्र /दरभाउपत्र आह्वान को सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/०३/०३ )

यस रंगेली नगरपालिका अन्तर्गत संचालनमा रहेका देहाय वमोजिमका हाट वजार, कान्जी हाउस तथा खेतीयोग्य जमिनमा साविक देखि नगरपालिकाले लगाउँदै आएको ठेक्का आगामी आ. व. २०७९/०८० का लागि लगाउनु पर्ने भएकोले इच्छुक नेपाली नागरिक वा कम्पनी, फर्महरुले रित पूर्वक शिलवन्दी वोलपत्र तथा दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | विवरण | न्युनतम अंक(भ्याट बाहेक ) | फारम दस्तुर | प्रकार |
|---|---|---|---|---|
| १ | दोहमाना पशु हाट(मवेशी) फर्साडांगी र गुद्री वाखा हाटवट्टी कर वडा नं.९ | २७,०५,७५१।- | ३०००।- | बोलपत्र |
| २ | विर्ता वजार हाटवट्टी कर वडा नं. १ | ४०,०००।- | १०००।- | दरभाउ पत्र |
| ३ | माछा पोखरी वडा नं. ८ | ४०,०००।- | १०००।- | दरभाउ पत्र |
| ४ | दर्वेशा चौक हाटवट्टी कर वडा नं. ८ | १४,०००।- | १०००।- | दरभाउ पत्र |
| ५ | माछा पोखरी वडा नं. ६ र ७ | १,२५०००।- | १०००।- | दरभाउ पत्र |
| ६ | रंगेली न.पा. वडा नं.६ खेती योग्य जमिन | ३०,०००- | १०००।- | दरभाउ पत्र |

१. दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म र वोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म यस कार्यालयवाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।
२. दरभाउ पत्र १६ औं दिन दिनको १२:०० वजे सम्म दर्ता गर्न सकिनेछ र सोही दिनको २:०० वजे दरभाउपत्र दाता तथा अन्य प्रतिनिधिहरुको रोहवरमा र शिलवन्दी वोलपत्र ३१ औं दिन दिनको १२:०० वजे सम्म दर्ता गर्न सकिनेछ र सोही दिनको २:०० वजे वोलपत्र दाता तथा अन्य प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ ।
३. शिलवन्दी वोलपत्र तथा दरभाउपत्र दाताले आफुले कवोल गरेको अंकको १० प्रतिशत रकम यस कार्यालयको नाममा कृषि विकास बैंकमा रहेको धरौटी खाता नं.०६०१४०११५०२५७०७९ मा जम्मा गरेको सक्कलै भौचर शिलवन्दी वोलपत्र तथा दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।
४. सि.नं.१ को हकमा शिलवन्दी वोलपत्र सकार गरेको मितिले १५ दिन भित्र सम्झौता गरि प्रथम किस्ताको रकम वुझाउनु पर्नेछ र दोश्रो र तेश्रो किस्ताको हकमा वैंक ग्यारेन्टि पेश गर्नु पर्नेछ । वैंक जमानतको म्याद २०८० आषाढ मसान्त सम्म हुनु पर्नेछ । साथै सम्झौता हुँदाका बखत एकमुष्ट सम्पुर्ण रकम वुझाएमा १० प्रतिशत छुट हुनेछ।
५. सि.नं.२ देखि ६ सम्मको हकमा शिलवन्दी दरभाउपत्र सकार गरेको मितिले ७ दिन भित्र सम्झौता गरी सम्झौतामा उल्लेखित सम्पूर्ण रकम अग्रीम वुझाउनु पर्नेछ ।
६. उल्लेखित शर्त पुरा नगरेमा ठेक्का स्वीकृत भई सकेको भएता पनि ठेक्का वदर गर्न सकिनेछ र ठेक्का वदर गर्नु परेमा धरौटी रकम समेत जफत हुनेछ।
७. ठेक्का सम्झौता भएपछि वन्द हडताल जस्ता कारणले कर छुट वा मिनाहाको लागी ठेकेदार पक्षवाट दावी गर्न पाईने छैन ।
८. नगरपालिकाले समय समयमा दिएको निर्देशन पालना गर्नु पर्नेछ । साथै ठेक्का सम्वन्धी कुनै विवाद भएमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।
९. करका दररेटहरु नरपालिकाले तोके वमोजिम असुल उपर गर्नु पर्नेछ । अन्यथा वढी रकम असुल गरेको ठहर भएमा नियमानुसार कारवाही हुनेछ।
१०. हटियामा लाग्ने सरसफाई तथा कर्मचारी सम्वन्धी सम्पुर्ण खर्च तथा अन्य लाग्ने राजश्वतथा कर स्वयं ठेकेदारले वेहोर्नु पर्नेछ ।
११. वोलपत्र तथा दरभाउपत्र फारममा अकं र अक्षर दुवैमा दररेट स्पष्ट लेख्नु पर्नेछ ।
१२. यस नगरपालिका अन्तर्गत विगतमा वुझाउनु पर्ने ठेक्का वक्यौता, पेश्की वेरुजु रहेको व्यक्ति वा परिवारको अन्य सदस्य ठेक्कामा सहभागी हुन पाउने छैन । तर वोलपत्र तथा दरभाउपत्र खरिद गर्नु अघि उल्लेखित रकम दाखिला गरेमा ठेक्कामा सहभागी हुन वाधा पर्ने छैन ।
१३. वोलपत्र तथा दरभाउपत्र खरिद गर्न लिखित निवेदन साथ नेपाली नागरिकताको प्रमाण पत्र, फर्म वा कम्पनि को ईजाजत पत्र व्यक्तिको हकमा फर्म वा कम्पनी भए आ.रा.का. मा दर्ता भएको कर को समेत प्रमाणित प्रतिलिपि र २०७७/७८ को कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ ।
१४. म्याद नाघि र रित नपुगी प्राप्त भएको दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन ।
१५. उल्लेखित शर्तहरु वाहेक अन्य कुराहरु प्रचलित ऐन नियम अनुसार हुनेछ । साथै थप जानकारीको लागी यस नगरपालिका कार्यालयमा सम्पर्क राख्न सकिनेछ।
१६. वोलपत्र, दरभाउपत्र खरिद गर्ने र शिलवन्दी वोलपत्र तथा दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट सोहि समयमा गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत